खिजीदेम्वा गाउँपालिका

खिजीफलाटे, ओखलढुङ्गा

बैठक संख्याः ४२

मितिः २०८२/०९/०७ गते सोमबार

खिजीदेम्वा गाउँपालिका अध्यक्ष श्री गम्बु शेर्पाज्यूको अध्यक्षता र देहायका कार्यपालिका सदस्यहरुको समुपस्थितिमा गाउँ कार्यपालिकाको बैठक बसी पेश भएका प्रस्तावहरु उपर छलफल गरी देहाय बमोजिम निर्णय गरियो ।

उपस्थितिः

| क्र.सं. | नाम | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री गम्बु शेर्पा | अध्यक्ष | |
| २ | श्री शुसिला तामाङ | उपाध्यक्ष | Tamang |
| ३ | श्री कुमार सुनुवार | १ नं. वडाध्यक्ष | |
| ४ | श्री सुरेन्द्र शंकर घिमिरे | २ नं. वडाध्यक्ष | |
| ५ | श्री टंकराज सुनुवार | ३ नं. वडाध्यक्ष | |
| ६ | श्री होम वहादुर सुनुवार | ४ नं. वडाध्यक्ष | |
| ७ | श्री राम कुमार सुनुवार | ५ नं. वडाध्यक्ष | |
| ८ | श्री पासाङ निमा शेर्पा | ६ नं. वडाध्यक्ष | |
| ९ | श्री डिल्ली राम बस्नेत | ७ नं. वडाध्यक्ष | |
| १० | श्री नगेन्द्र बहादुर बस्नेत | ८ नं. वडाध्यक्ष | |
| ११ | श्री ङवाङ फुरी शेर्पा | ९ नं. वडाध्यक्ष | |
| १२ | श्री दोर्ची शेर्पा | कार्यपालिका सदस्य | दोर्ची |
| १३ | श्री कवितादेवी सुनुवार | कार्यपालिका सदस्य | |
| १४ | श्री दुर्गादिवी सुनुवार | कार्यपालिका सदस्य | |
| १५ | श्री रामकुमारी बस्नेत | कार्यपालिका सदस्य | |
| १६ | श्री पसि शेर्पा | कार्यपालिका सदस्य | |
| १७ | श्री आङ ल्वामु शेर्पा | कार्यपालिका सदस्य | |
| १८ | श्री नबिना गिरी | प्रमुख प्रशासकीय अधिकृत | |

खिजीदेम्बा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
खिजीफलाटे, ओखलढुंगा
कोशी प्रदेश, नेपाल
स्था : २०७३

प्रस्तावहरु

१. अनुदान माग सम्बन्धमा ।

२. कार्यविधि सम्बन्धमा

३. करार कर्मचारी सम्बन्धमा ।

४. विविध सम्बन्धमा ।

नविना गिरी
प्रमुख प्रशासकीय अधिकृत

गम्बु शेर्पा
गाउँपालिका अध्यक्ष

खिजीदेम्बा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
खिजीफलाटे, ओखलढुंगा
कोशी प्रदेश, नेपाल
स्था : २०७३

निर्णय नं. १

क. प्रस्ताव नं. १ माथि छलफल गर्दा राष्ट्रिय योजना आयोगको संघीय समपुरक अनुदान अन्तर्गत आयोजना शिर्षक कातिखोला, ज्याङ्गदिन, चर्नालु, पुठा सडक स्तरोन्नती, बजेट रकम रु. ३,००,००,०००।— (तीन करोड रुपैयां) बराबरको आयोजना प्रस्ताव माग गर्ने निर्णय गरियो।

ख. प्रस्ताव नं. १ माथि छलफल गर्दा राष्ट्रिय योजना आयोगको संघीय विशेष अनुदान अन्तर्गत आयोजना शिर्षक गुणस्तरीय शिक्षाका लागि ICT कार्यक्रम, बजेट रकम रु. ५,००,००,०००।— (पाँच करोड रुपैयां) बराबरको कार्यक्रम प्रस्ताव माग गर्ने निर्णय गरियो।

निर्णय नं. २

क. प्रस्ताव नं. २ माथि छलफल गर्दा "व्यवसायिक कृषि तथा पशुपन्क्षी फर्म दर्ता एवम् नवीकरण सम्बन्धी कार्यविधि, २०८२" पारित गर्ने निर्णय गरियो।

ख. प्रस्ताव नं. २ माथि छलफल गर्दा एम्बुलेन्स सेवा सञ्चालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७५ को दफा ८ उपदफा १ ख' बुँदामा उल्लेखित पुर्ण अशक्त अपाङ्गता भएका व्यक्ति र ८० वर्ष माथिका ज्येष्ठ नागरिकहरुलाई पालिका भित्र र बाहिर सबै क्षेत्रमा निशुल्क सेवा प्रदान गर्न आवश्यक संशोधन गर्ने निर्णय गरियो।

ग. खिजीदेम्वा गाउँपालिकाको उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन सम्वन्धी कार्यविधि,२०७५ मा आवश्यक संशोधन गर्ने निर्णय गरियो।

निर्णय नं. ३

क. प्रस्ताव नं. ३ माथि छलफल गर्दा यस खिजिदेम्वा गाउँकार्यपालिका अन्तर्गत करार सेवामा कार्यरत कर्मचारीहरुको सेवा करार अवधी २०८२ पौष मसान्तसम्म मात्रै रहेकोमा निजहरुको करार सेवा अवधी २०८३ असार मसान्तसम्म थप गर्ने निर्णय गरियो।

ख. प्रस्ताव नं. ३ माथि छलफल गर्दा खिजिदेम्बा गाउँपालिकाको खिजीफलाटे आधारभुत अस्पतालमा कार्यरत डा. चन्द्र कुमार राईले मिति २०८२ पौष ६ गते स्वेच्छिक राजिनामा पेश गरेको हुँदा निजको राजिनामा स्वीकृत गर्ने निर्णय गरियो।

ग. प्रस्ताव नं. ३ माथि छलफल गर्दा खिजीफलाटे आधारभुत अस्पतालमा कार्यरत रेडियोग्राफर अर्जुन के.सी. करार सम्झौतामा उल्लेखित शर्तहरुको पालना नगरेको हुँदा निजको करार सम्झौता रद्द गर्ने निर्णय गरियो।

नविना गिरी
प्रमुख प्रशासकीय अधिकृत

गम्बु शेर्पा
गाउँपालिका अध्यक्ष

खिजीदेम्वा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
खिजीफलाटे, ओखलढुंगा
कोशी प्रदेश, नेपाल

घ. प्रस्ताव नं. ३ माथि छलफल गर्दा खिजीदेम्वा गाउँपालिका खिजीफलाटे आधारभुत अस्पतालमा आवश्यक कर्मचारीहरु मेडिकल अधिकृत, रेडियोग्राफर, हेल्थ असिष्टेन्ट र कम्प्युटर अपरेटर पदमा सेवा करारमा राख्नको लागि विज्ञापन आव्हान गर्ने निर्णय गरियो।

निर्णय नं. ४

क. प्रस्ताव नं. ४ माथि छलफल गर्दा खिजीदेम्वा गाउँपालिकाको संगठन तथा व्यवस्थापन सर्वेक्षण तयारी सम्बन्धमा प्रारम्भिक छलफल गरियो।

ख. ढुंगा, गिटी, बालुवा तथा नदीजन्य वस्तुहरुको राजस्व संकलन सम्बन्धित वडा कार्यालयमार्फत अमानतमा आर्थिक ऐन,२०८२ मा तोकिएको दररेटमा संकलन गर्ने निर्णय गरियो।

ग. खिजीदेम्वा गाउँपालिका वडा नं. ९ स्थित श्री शिवालय माध्यमिक विद्यालय छेमार्दिङमा "शिवालय मा.वि. छेमार्दिङ होस्टेल व्यवस्थापन सहयोग" शिर्षकमा रु. ७ लाख विनियोजन भएकोमा आगामी विशेष सभाबाट शिर्षक परिवर्तन गरी "शिवालय मा.वि. छेमार्दिङ चार कोठे भवन निर्माण" बनाउने निर्णय गरियो।

घ. खिजीदेम्वा गाउँपालिकामा राष्ट्रिय वाणिज्य बैंकको शाखा कार्यालय स्थापनाका लागि राष्ट्रिय वाणिज्य बैंक केन्द्रिय कार्यालयलाई पत्राचार गर्ने निर्णय गरियो।

ङ. यस खिजीदेम्वा गाउँपालिका,ओखलढुंगा क्षेत्रभित्र रहेका ढुंगा, गिटी, बालुवा तथा नदीजन्य पदार्थहरुको उत्खनन् तथा संकलन कार्यका लागि आवश्यक संक्षिप्त वातावरणीय अध्ययन् तथा प्रारम्भिक वातावरणीय परीक्षण (IEE) गर्ने गराउने निर्णय गरियो।

च. खिजीदेम्वा गाउँपालिकामा भलिबल र एथ्लेटिक्स तर्फको १/१ जना खेलकुद प्रशिक्षक प्रशिक्षक नियुक्तीको लागि विज्ञापन प्रकाशन गर्ने निर्णय गरियो।

छ. खिजीदेम्वा गाउँपालिकाको गाउँ शिक्षा योजना निर्माण गर्ने निर्णय गरियो।

ज. खिजीदेम्वा गाउँपालिका वडा नं. ४ निवासी पुर्व कार्यपालिका सदस्य खेम सुनुवारको घर आगलागी भई पूर्ण क्षति भएको हुँदा निजलाई रु. ५० हजार आर्थिक सहयोग प्रदान गर्ने निर्णय गरियो।

झ. खिजीदेम्वा गाउँपालिकाका ९ वटै वडामा हेलिप्याड निर्माण गर्नको लागि ठेक्का आव्हान गर्ने निर्णय गरियो।

नविना गिरी
प्रमुख प्रशासकीय अधिकृत

गम्बु शेर्पा
गाउँपालिका अध्यक्ष

आज मितिः २०८२/०९/०७ गते बुधबारका दिन गाउँ कार्यपालिकाको बैठकमा पेश भएका प्रस्तावहरु र निर्णयहरुलाई सर्वसम्मत स्वीकृत गरियो ।

| | | | |
|---|---|---|---|
| श्री दोर्ची शेर्पा<br>सदस्य | आङ ल्वामु शेर्पा<br>सदस्य | पसि शेर्पा<br>सदस्य | रामकुमारी बस्नेत<br>सदस्य |
| दुर्गादिवी सुनुवार<br>सदस्य | कुमार सुनुवार<br>वडाध्यक्ष | सुरेन्द्र शंकर घिमिरे<br>वडाध्यक्ष | टंकराज सुनुवार<br>वडाध्यक्ष |
| कवितादेवी सुनुवार<br>सदस्य | होम बहादुर सुनुवार<br>वडाध्यक्ष | राम कुमार सुनुवार<br>वडाध्यक्ष | पासाङ निमा शेर्पा<br>वडाध्यक्ष |
| डिल्ली राम बस्नेत<br>वडाध्यक्ष | नगेन्द्र बहादुर बस्नेत<br>वडाध्यक्ष | ङवाङ फुरी शेर्पा<br>वडाध्यक्ष | सुशिला तामाङ<br>उपाध्यक्ष |

गम्बु शेर्पा
अध्यक्ष

गम्बु शेर्पा
गाउँपालिका अध्यक्ष